# महिला स्वास्थ्य स्वयंमसेविका आय आर्जन कार्यक्रम कार्यविधि २०७७

गाँउपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयंमसेविकाहरु न्यून सेवा सुबिधामा निरन्तर कार्य गरीरहेको अवस्था छ। आर्थिक अवस्था सुदृढ बनाउँदा महिला स्वास्थ्य स्वयंमसेविका परिवारको जीवनस्तरमा सुधार आउने साथै उत्प्रेरित भई स्थानीय जनताको सेवामा थप कृयाशिलताका साथ लाग्ने एवं कार्य गर्दा सामुहिक भावनाको बिकास गराउने उद्धेश्यले यो कार्यविधि रोङ गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७७ को दफा १८ बमोजिम तयार गरिएको हो।

१. नाम र प्रारम्भः- यस कार्यबिधिको नाम "महिला स्वास्थ्य स्वयंसेविका आयआर्जन कार्यक्रम/कार्यबिधि २०७७" हुनेछ । यो कार्यविधि कार्यपालिका बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः-**

क. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा "समुह" भन्नाले महिला स्वास्थ्य स्वयंमसेविकाहरुको समूह भन्ने बुझाउँछ ।

ख. "सदस्य" भन्नाले महिला स्वास्थ्य स्वयंमसेविका लाई जनाउँछ ।

ग. "स्वास्थ्य शाखा" भन्नाले गाँउपालिकाको स्वास्थ्य संस्था हेर्ने शाखा लाई जनाउँछ ।

घ. "महिला स्वास्थ्य स्वयंमसेविका" भन्नाले रोङ गाँउपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयंमसेविका जनाउँछ ।

ङ. "कोष" भन्नाले नेपाल सरकार तथा अन्य संस्थाले महिला स्वास्थ्य स्वयंमसेविकाहरुका हितका लागि जम्मा गरेको एकिकृत कोष लाई जनाउँछ ।

३. **लक्षित वर्गः-** रोङ गाँउपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयंमसेविका तथा परिवारलाई जनाउँछ ।

**४.कोषको व्यवस्थापन तथा सञ्चालन :**

क. यस कोषमा महिला स्वास्थ्य स्वयंसेविकाहरुले बचत तथा संकलन गरेको रकम, साविकको गा.वि.स हुँदाको संकलित रकम, विभिन्न संघ संस्था तथा दातृ निकायबाट प्राप्त रकम, गाउँपालिकाबाट महिला स्वास्थ्य स्वयं सेविका हित कोषका लागि प्रदान गरिएको रकम लगायतका प्रचलित कानुन बमोजिम अन्य स्रोतबाट प्राप्त हुने रकम रहनेछ ।

ख. महिला स्वास्थ्य स्वयं सेविका आयआर्जन कोषमा रहेको कूल रकमको २० प्रतिशत रकम अनिवार्य आकस्मिक कोषमा राख्नु पर्नेछ ।

ग. रोङ गाँउपालिका भित्रका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य चौकीको मातहतमा रहेको महिला स्वास्थ्य स्वयंमसेविका कोषको लगत लिई सम्पूर्ण कोषलाई रोङ गाँउपालिका स्तरीय बनाई एकिकृत कोष बनाईनेछ ।स्वास्थ्य ब्यवस्थापन समितिको सिफारीसमा उक्त समितिको बैङ्क खातामा वडागत बिभाजन गरी रकम जम्मा गरीनेछ।(साविकको गा.वि.स हुँदाको यससँग सम्बन्धित रकम हालको वडामा विभाजित भएको महिला स्वास्थ्य स्वयंसेविकाको संख्याको आधारमा वितरण हुने)

घ. उक्त कोषको रकम स्वास्थ्य चौकी ब्यवस्थापन समिति अन्तर्गत सञ्चालन हुनेछ ।

ङ. कोषको रकम मध्येबाट महिला स्वास्थ्य स्वयंमसेविकाहरुले कम्तिमा ५ जना को समूह वनाई योजना प्रस्ताव गर्नु पर्नेछ ।

च. पसल (सुर्ति जन्य र मदिरा जन्य बाहेक)/अर्गानिक तरकारी खेति/बाख्रा पालन/माछा पालन/कुखुरा पालन जस्ता आयमुलक र रोजगारमुलक प्रस्ताव पेश गर्नु पर्नेछ ।

छ. स्वास्थ्य चौकी ब्यवस्थापन समितिले ऋण स्वीकृत गर्नेछ ।

ज. ऋणको व्याज ६% का दरले हरेक ३-३ महिनामा जम्मा गर्नु पर्नेछ । सावाँ रकम १ वर्ष भित्रमा चुक्ता गरिसक्नु पर्नेछ ।

झ. आकस्मिक अवस्थाकको प्रयोजनका लागि ऋण लिन परे बढीमा १०,०००/- (दश हजार) सम्म मात्र पाईनेछ यो रकम सोझै स्वास्थ्य चौकी प्रमुखले स्वीकृत गर्न सक्नेछ ।आकस्मिक प्रयोजन भन्नाले (आकस्मिक उपचार/विपद् वुझिनेछ) ।आकस्मिक प्रयोजनका लागि लिएको व्याज लाग्ने छैन तर आकस्मिक प्रयोजनको लागि लिएको ऋण ३ महिना भित्रमा चुक्ता गर्नुपर्नेछ । अन्यथा शुरुकै मिति देखि गणना हुने गरी १८% का दरले व्याज सहित १ वर्ष भित्रमा चुक्ता गरिसक्नु पर्नेछ ।आकस्मिक प्रयोजनको लागि समुहको सिफारिस अनिवार्य हुनु पर्नेछ ।

**५.मासिक बैंठकः-**

क) महिला स्वास्थ्य स्वयंमसेविकाहरुले समुहको वैंठक कम्तिमा महिनाको एक पटक बस्नु पर्नेछ।

ख) मासिक बैंठकमा आम्दानी, खर्च र उपलब्धीको समीक्षा गर्नुपर्नेछ ।

६. **अनुगमन समितिः-** गाउँपालिका स्तरमा तपसिल वमोजिम अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | — संयोजक |
| ख) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको प्रतिनिधि | — सदस्य |
| ग) महिला स्वास्थ्य स्वयंसेविका प्रतिनिधि | — सदस्य |
| घ) सम्बन्धित स्वास्थ्य चौकी प्रमुख | — सदस्य |
| ङ) स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

**७. लेखा परीक्षणः-**

क) आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र गाउँपालिकाको आ.ले.प. सँगै लेखा परीक्षण गराउनु पर्नेछ ।

ख) अभिलेख तथा प्रतिवेदनः- समुहको आर्थिक कारोवार व्यवस्थित लेखाको नियम अनुसार गर्नुपर्नेछ। प्रत्येक ३ महिनाममा गाउँपालिका स्वास्थ्य शाखालाई प्रतिवेदन दिनु पर्नेछ ।

ग) अनुगमनः- गाउँपालिकाले आर्थिक कारोवार तथा कम्पनी/फर्म जुनसुकै बेला निरिक्षण गर्न सक्नेछ । अनुगमनका क्रममा व्यवसाय/कम्पनी/फर्म राम्ररी नचलेको, स्रोत र साधानको दुरुपयोग भएको पाइएमा अनुगमन समितिको सिफारीसमा तत्काल गाँउपालिकाले सांवां र व्याज असुलीका लागि निर्देशन दिन सक्नेछ ।

८. **<u>विविधः-</u>**

(क) व्यवसाय/कम्पनी/ फर्म सञ्चालनमा रहेकै बखत कुनै महिला स्वास्थ्य स्वयंमसेविका को पदमा नरहने अवस्था आएमा सोहि मिति सम्मको मात्र आम्दानी खर्चको भागीदार हुनेछ र नयाँ छनौट भएका महिला स्वास्थ्य स्वयंमसेविकालाई समुहमा सोहि मिति देखिको हिस्स्दार हुनेगरी समावेश गर्न सकिनेछ ।

(ख) आवश्यकता अनुसार यस कार्यबिधिलाई गाउँ कार्यपालिकाले परिमार्जन गर्न सक्नेछ ।

**आज्ञाले**
**प्रयाश भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**
**रोङ गाउँपालिका, इलाम**

## <u>सामुदायिक औषधि पसल सञ्चालन निर्देशिका २०७७</u>

**<u>प्रस्तावना,-</u>**

स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सवैको पहुच सुनिश्चित गर्नका लागि स्वास्थ्य चौकीका जनशक्ति मार्फत स्वास्थ्य संस्था वाट नै औषधि पसल सञ्चालन गरी विरामी एंव सेवाग्राहीलाई सुलभ एंव गुणस्तरीय सेवा पुर्याउन यो रोङ गाउँपालिकाको स्थानिय स्वास्थ्य तथा सरसफाई ऐन २०७७ को दफा १३ बमोजिम यो निर्देशिका तयार गरीएको हो।

१.संक्षिप्त नाम र प्रारम्भः- यस कार्यबिधिको नाम सामुदायिक औषधि पसल सञ्चालन कार्य बिधि२०७७ रहने छ ।

२.यो निर्देशिका गाँउ कार्यपालिकाले स्वीकृत गरे पछि सोहि मितिवाट लागु गरीने छ ।

**<u>२.परिभाषाः-</u>**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः-

क.- "गाँउपालिका" भन्नाले रोङ गाँउपालिका सम्झनुपर्नेछ ।

ख.- "स्वास्थ्य संस्था" भन्नाले रोङ गाँउपालिका भित्र रहेका सरकारी स्वास्थ्य संस्था सम्झनुपर्नेछ ।

ग.- "सामुदायिक पसल" भन्नाले स्वास्थ्य संस्थामा गाँउपालिकाको लगानिका सञ्चालित पसलसम्झनुपर्नेछ।

घ.- "समिति" भन्नाले राष्ट्रिय स्वास्थ्य निति अनुरुप गठंन भएको स्वास्थ्य व्यव्थापन समिति सम्झनुपर्नेछ।

**<u>३.समिति गठंन</u>**

**<u>सामुदायिक औषधि पसल सञ्चालन गर्न देहाय बमोजिम समिति रहनेछ,-</u>**

क.-स्वास्थ्य ब्यवस्थापन समितिको अध्यक्ष - अध्यक्ष

ख.-निर्वाचित महिला सदस्य — सदस्य

ग.-वडा सचिव — सदस्य

घ.-महिला स्वास्थ्य स्वयंमसेविका– सदस्य

ङ.-स्वास्थ्य संस्था प्रमुख सदस्य सचिव

**४.काम कर्तब्य र अधिकार**

**पसल सञ्चालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क.- पसलमा राखिने औषधी तथा सामाग्रीको सुचि निर्धारण गर्ने ।

ख.- औषधी व्यवस्थापक तथा सञ्चालक तोक्ने

ग.- गुणस्तरको आधारमा कुनै खास व्राण्ड स्वीकृत वा अस्विकृत गर्ने ।

घ.- औषधीको प्रतिकुल प्रभावको अनुगमन गर्ने ।

ङ.- उपलब्ध सेवा सुविधाको सुचि सार्वजनिक गर्ने ।

च.- सार्वजनिक खरीद ऐन तथा प्रचलित कानुन अनुसार मानेर औषधी तथा सामाग्री खरीद गर्ने ।

**५.विक्री मूल्य निर्धारणः-**

क.- खरिद मुल्य को २०% मा नबढाई निर्धारण गर्ने ।

ख.-तर यसरी निर्धारण गरेको मुल्य MRP भन्दा बढी हुनु हुदैन ।

ग.- पसल सञ्चालनका लागि औषधी विक्री वितरण संहिता २०७१ अनुसार वितरण कक्ष र भण्डारको व्यवस्था हुनु पर्नेछ ।

घ.- औषधी पसल सवैले देख्ने गरी राखन्नु पर्नेछ ।

**६.विउ रकमः-** गाँउपालिका ले औषधी पसल सञ्चालनका लागि विउ रकम उपलब्ध गराउने छ ।

**७.आर्थिक व्यवस्थापन**

औषधी कारोवारको स्वास्थ्य संस्थाको छुटै बैंक खाता सञ्चालन गर्नु पर्नेछ । औषधी खरीदमा प्राप्त वोनस सहित विक्री गरिनेछ । यस खातामा जम्मा भएको रकम अन्य शिर्षकमा खर्च गर्न पाईने छैन ।औषधी खरीद गर्दा बैङ्क मार्फत भूक्तानी गरीने छ ।

क.- हरेक महिनाको अन्तिम दिन महिना भरीको नगद वैंकमा जम्मा गर्नुपर्नेछ ।

ख.- पसल सञ्चालकलाई जम्मा मुनाफा रकमको ५०% सोही खाता बाट मासीक भूक्तानी दिनु पर्नेछ ।

ग.- प्रत्येक आ.व.मा भूक्तानी को १ महिना भित्रमा पसलको बार्षिक हिसाव दुरुस्त राखी आ.व. भूक्तानीको ३ महिना भित्र लेखा परीक्षण गराउनु पर्नेछ ।

घ.- समय सापेक्ष र सान्दर्भिक बनाई सेवाग्राहीलाई सन्तुष्ट बनाउन हरेक ६*६ महिनामा कार्यपालीकाले निर्देशिका समिक्षा गरी परीमार्जन गर्न सक्ने छ ।